# गाउँ शिक्षा योजना

## ज्वालामूखी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धादिङ

## (२०८३/२०८४–२०८८/२०८९)


प्रकाशक

**ज्वालामूखी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

बागमती,  प्रदेश, नेपाल

## हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार हो । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक-आर्थिक विकास सम्भव हुँदैन । नेपालको संविधानले शिक्षा मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा गाउँ शिक्षा योजना समयसापेक्ष आवश्यकता हो ।

हाम्रो गाउँपालिकामा शैक्षिक पहुँच विस्तार भए तापनि सिकाइ उपलब्धि, समानता, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ । भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान गुणस्तरको शिक्षा प्राप्त गर्न सकेका छैनन् ।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG-4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्य कायम गर्दै योजना तयार गरिएको छ ।

हाम्रो भनाइ स्पष्ट छ-शिक्षा केवल विद्यालयसम्म सीमित नभई जीवनभर सिकाइको आधार बन्नुपर्छ । बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, तथा उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य अपरिहार्य छ । साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँपालिकालाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प छ ।

## विषय सूची

*परिच्छेद १*


१.परिचय १


*परिच्छेद २*


२.दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण ८

२.१ दूरदृष्टि ८

२.२ लक्ष्य ८

२.३ उदेश्य ८

२.४ रणनीति ८

२.५ अपेक्षित लक्ष्य १०

२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ११


*परिच्छेद ३*


३. विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र १६

३.१ प्रारम्भिक वालविकास र शिक्षा १६

३.१.२ वर्तमान अवस्था १६

३.१.३ उदेश्य १६

३.१.४ रणनीति १६

३.१.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १७

३.२ आधारभूत शिक्षा १९

३.२.१ वर्तमान अवस्था २०

३.२.२ उदेश्य २०

३.२.३ रणनीति २०

३.२.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २१

३.३ माध्यमिक शिक्षा २४

३.३.१ परिचय २४

३.३.२ वर्तमान अवस्था २४

३.३.३ उदेश्य २४

३.३.४ रणनीति २४

३.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २५

३.४ अनौपचारिक तथा आजिवन सिकाइ २८

३.४.१ परिचय २८

३.४.२ वर्तमान अवस्था २८

३.४.३ उदेश्य २९

३.४.४ रणनीति २९

३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३०

*परिच्छेद ४*

४.अन्तरसम्बन्धित विषय क्षेत्रहरु ३१

४.१ पाठ्यक्रम र मूल्याङ्कन ३१

४.१.१ परिचय ३१

४.१.२ वर्तमान अवस्था ३१

४.१.३ उदेश्य ३१

४.१.४ रणनीति ३२

४.१.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३२

४.२ शिक्षक व्यवस्थापन र विकास ३४

४.२.१ परिचय ३४

४.२.२ वर्तमान अवस्था ३५

४.२.३ उदेश्य ३५

४.२.४ रणनीति ३५

४.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३६

४.३ समता र समावेशीकरण ३८

४.३.१ परिचय ३८

४.३.२ वर्तमान अवस्था ३८

४.३.३ उदेश्य ३८

४.३.४ रणनीति ३९

४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३९

४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य,पोषण र सरसफाइ कार्यक्रम ४०

४.४.१ परिचय ४०

४.४.२ वर्तमान अवस्था ४०

४.४.३ उदेश्य ४०

४.४.४ रणनीति ४१

४.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४१

४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ४२

४.५.१ परिचय ४२

४.५.२ वर्तमान अवस्था ४३

४.५.३ उदेश्य ४३

४.५.४ रणनीति ४४

४.५.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४४

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ४५

४.६.१ परिचय ४५

४.६.२ वर्तमान अवस्था ४५

४.६.३ उदेश्य ४६

४.६.४ रणनीति ४६

४.६.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४६

४.६ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ४७

४.६.१ परिचय ४७

४.६.२ वर्तमान अवस्था ४८

४.६.३ उदेश्य ४९

४.६.४ रणनीति ४९

४.६.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४९

परिच्छेद ५

५.विद्यालय सुशासन तथा व्यवस्थापन ५१

५.१ संस्थागत क्षमता विकास ५१

५.१.१ परिचय ५१

५.१.२ वर्तमान अवस्था ५२

५.१.३ उदेश्य ५२

५.१.४ रणनीति ५२

५.१.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५३

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ५४

५.२.१ परिचय ५४

५.२.२ वर्तमान अवस्था ५४

५.२.३ उदेश्य ५४

५.२.४ रणनीति ५४

५.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५५

५.३ अनुगमन तथा मूल्याङ्कन ५६

५.३.१ परिचय ५६

५.३.२ वर्तमान अवस्था ५६

५.३.३ उदेश्य ५६

५.३.४ रणनीति ५६

५.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५७

परिच्छेद ६

६. लगानी र स्रोतको व्यवस्थापन ५९

६.१ परिचय ५९

६.२ वर्तमान अवस्था ५९

६.३ उदेश्य ६०

६.४ रणनीति ६०

६. ५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६०

**परिच्छेद ७**

**७. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** ६३

**७.१ परिचय** ६३

**७.२ वर्तमान अवस्था** ६३

**७.३ उदेश्य** ६४

**७.४ रणनीति** ६४

**७. ५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य** ६५

## योजनाको सारांश

गाउँपालिका शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा गैर-औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक–निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र

मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

- क) नेपालको संविधान
- ख) सोह्रौँ आवधिक योजना
- ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
- घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
- ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना
ज) राष्ट्रिय शिक्षा नीति २०७६,
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) राजनीतिक दलको घोषणापत्र
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो।

**बैठकका निर्णयहरु र उपस्थितिहरु अनुसूचीमा समावेश गर्ने।**

क) कार्यपालिकाको बैठकको निर्णय
ख) योजना निर्माण समितिको गठन
ग) योजना निर्माण कार्यदल गठन
घ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय
ङ) प्रथम मस्यौदा तयारी
च) योजनाको अन्तिम रुप
छ) योजनाको मूल्याकंन
ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

# परिच्छेद १

## परिचय

### भौगोलिक अवस्थिति

यस स्थानीय तह नेपालको बागमती प्रदेश अन्तर्गत अवस्थित रहेको छ। स्थानीय तहको कुल क्षेत्रफल करिब ११४.५ वर्ग किलोमिटर रहेको छ । यसको सिमानामा पूर्वतर्फ नीलकण्ठ गाउँपालिका, पश्चिमतर्फ गोरखा जिल्ला, उत्तरतर्फ नीलकण्ठ गाउँपालिका र त्रिपुरासुन्दरी गाँउपालिका र दक्षिणतर्फ सिद्वलेख गाउँपालिका रहेका छन्। यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ।

हावापानीको दृष्टिले यस स्थानीय तहमा सामान्यतया समशितोष्ण जलवायु पाइन्छ। गर्मी याममा तापक्रम मध्यम रहने र वर्षायाममा पर्याप्त वर्षा हुने गर्दछ। जाडो याममा तापक्रम घट्ने भए पनि अत्याधिक चिसो हुने गर्दछ। यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। नदी, वनजंगल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर तथा सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यद्यपि पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन् । वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुर्‍याएको छ। तथापि अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ। विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ। जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ।

समग्रमा यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

### क) **जनसाङ्ख्यिक संरचना**

यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ, यद्यपि कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोर-किशोरी, कार्यशील उमेर (१५-५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ।

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औँल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर न्यून स्तरको रहेको अनुमान गरिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइँका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइसराइँको दृष्टिले यो स्थानीय तह श्रममा आधारित बाह्य तथा आन्तरिक बसाइसराइँबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ ।

### ख) सामाजिक तथा सांस्कृतिक अवस्था

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ । यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ । हिन्दु, बौद्ध तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था–प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन् ।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन् । यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन् ।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ । नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन् । मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन् । यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन् । यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान–सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ ।

समग्रमा, सामाजिक–सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन् । तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ ।

### ग) आर्थिक अवस्था

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ । परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि–आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन् । यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन ।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तैः खाद्य प्रशोधन, हस्तकला, सिलाइ–कटाइ तथा कृषि आधारित उद्योग आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन् । स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन् । धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन् ।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ ।

### घ) शैक्षिक अवस्था

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३२ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ३०६ रहेको छ। केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।<br><br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गतामैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br><br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ४७ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल–आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता–बालबालिका अनुपात १:६.५१ रहेको छ, जुन केही केन्द्रमा मापदण्ड अनुकूल छैन।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br><br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तहका सामुदायिक ३१ र संस्थागत २ गरी जम्मा विद्यालयहरूको सङ्ख्या ३३ रहेको छ। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १६१७ र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या ७७ गरी जम्मा १६९४ विद्यार्थी संख्या रहेको छ। कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br><br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।<br><br>सामुदायिक विद्यालयमा विद्यार्थी–शिक्षक अनुपात औसत १:८.१२ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ।<br><br>विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा–बहुतह (Multi-grade Multi-level) पठनपाठन सञ्चालन भइरहेको अवस्था छ। उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले |

| | |
|---|---|
| | यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत–प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि–आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br><br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु–अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ । |
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९–१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या १२ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ७०० रहेको छ । सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।<br><br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ४३.२८% र ५६.७१% रहेको छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ ।<br><br>शिक्षक–विद्यार्थी अनुपात औसत **१:१२.०६** रहेको छ । विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ । सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ ।<br><br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ । लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ । यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसमा **बालबालिका र युवा लक्षित कार्यक्रम, महिला लक्षित कार्यक्रम, सीप विकास तालिम** लगायतका पहलहरू समावेश छन् ।<br><br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर–किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित |

| | |
|---|---|
| | गरी कार्यान्वयन भइरहेका छन् । यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुऱ्याएको छ। तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br><br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यहरुलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन् । यस स्थानीय तहमा सञ्चालन भएका **कृषि, हस्तकला, सिलाइ–कटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादन आधारित तालिम सञ्चालन भएका** छन् । यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन् ।<br><br>सामुदायिक सिकाइ केन्द्रमा डिजिटल स्रोतहरूको पहुँचमा कमी छ । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ ।<br><br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोगलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ । |

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको सिकाईमा सहभागिता वृद्धि भएको छ । प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औंल्याउँछ ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ । विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक–विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ । सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तथापि गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोगमा अझ सुधार आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन् । यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ । यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ ।

**२. सबल पक्षहरु**

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गरिएको छ । प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन् ।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ । दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन् । शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन् । शिक्षक–विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन् ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ । साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुऱ्याइएको छ । आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन् ।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ । विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ । यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् र अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**३. शिक्षा क्षेत्रका समस्याहरू**

क) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु ।
ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।
ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु ।
घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु ।
ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु ।
च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।
छ) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु ।
ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु ।
झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु ।
ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
ट) विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु ।
ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ।

**४. अवसरहरू**

क) संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,
ख) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
ग) स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,

घ) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

च) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,

छ) स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,

**ज)** वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।

**५. चुनौतीहरू**

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्खिकीय प्रवृत्ति (विशेषत: जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,

ग) स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न,

ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,

ज) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्न,

झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न ।

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षा,
ज्वालामूखी गाउँपालिकाको अपेक्षा"

### २.२ लक्ष्य

क) समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

### २.३ उदेश्य

क) सबै बालबालिकालाई समतामूलक पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।
ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु ।
घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु ।
ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु ।
च) स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु ।
ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु ।
झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।
ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।

### २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| १. सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | क) बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ख) विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने । |
| | ग) अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने । |
| | घ) बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने गर्ने । |
| | ङ) बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| २. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | क) बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने । |
| | ख) शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने । |
| | ग) विद्यालयमा समावेशी अनुगमन प्रक्रियाको विकास गर्ने । |
| | घ) लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । |

| | |
|---|---|
| | ङ) समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| ३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु | क) अपाङ्गतामैत्री पूर्वाधार निर्माण गर्ने । |
| | ख) सहायक सिकाइ सामग्री उपलब्ध गराउने गर्ने । |
| | ग) शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने । |
| | घ) लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ङ) अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने गर्ने । |
| ४. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | क) शिक्षक–विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने । |
| | ख) सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने । |
| | ग) पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | घ) शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने । |
| | ङ) सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने । |
| ५. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | क) सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा निर्माण गर्ने । |
| | ख) खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने । |
| | ग) बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने । |
| | घ) विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने । |
| ६. स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने । |
| | ख) स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | ग) शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने । |
| | घ) पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने । |
| | ङ) विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने । |
| ७. विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | क) आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने । |
| | ख) विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने । |
| | ग) शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने । |
| | घ) शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) शिक्षक–विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने । |
| ८. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | क) विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने । |
| | ख) शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने । |
| | ग) डिजिटल सामग्री र प्रविधि आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने । |

| | |
|---|---|
| | घ) ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) स्थानीय समुदायमा ICT–सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने । |
| ९. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | क) समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने । |
| | ग) शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने । |
| | घ) स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने । |
| | ङ) जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने । |
| १०. वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) किशोर–किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने । |
| | ग) वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने । |
| | घ) स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने । |
| | ङ) शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने । |
| ११. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्ने | क) कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने । |
| | ख) विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने । |
| | ग) पूर्वाधारको नियमित मर्मत–सम्भार सुनिश्चित गर्ने । |
| | घ) स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने । |
| | ङ) भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने । |
| | च) बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने । |
| | छ) जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने । |
| | ज) प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने । |
| | झ) शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने । |
| | ञ) विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने । |

## २.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ ।

ग) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ ।

च) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| | **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ५९.९ | ६७.१ | ७८.६ | ९०.२ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८६.४ | ८९.५ | ९४.० | ९९.० | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | १०० | १०० | १०० | १०० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | फ्ल्यास रिपोर्ट |
| | **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.६ | ९७.० | ९९.० | १०० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९. | १०० | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११० | १०७ | १०५ | १०१ | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९८.१ | ९९.० | ९९.५ | १०० | |
| | | प्रदेश | ९४.९ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११५ | ११० | १०५ | १०१ | |
| | | प्रदेश | ११८.५ | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९८.३ | ९९.० | १०० | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १०५ | १०३ | १०१ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८५.१२ | ९० | ९५ | १०० | |
| | | प्रदेश | ९३.३ | | | | |
| | | राष्ट्रिय | ९३. | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ६८.१८ | ८० | ९२ | १०० | |
| | | प्रदेश | ८२.९ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | फ्ल्यास रिपोर्ट |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १६.६३ | १२.१ | ८.५ | २ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.१५ | १.१ | १.०५ | १.०१ | |
| | | प्रदेश | 1.01 | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.४ | ९९ | ९९.८ | १०० | |
| | | प्रदेश | ९४.४ | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११० | १०७ | १०३ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | | स्थानीय | ६८.७७ | ८० | ९० | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ६८.७७ | ८० | ९० | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७२.७ | | | दि.वि.ल. ४ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०६ | १.०४ | १.०२ | १.०१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | | स्थानीय | ०.०५ | ० | ० | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | २.९ | १. | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ४२.३२ | ४५ | ५० | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५. | ५०. | फ्ल्यास रिपोर्ट |
| | | | | | | | पन्ध्रौं योजना |
| | | | | | | | दि.वि.ल. ४ (ने.रा.का.) |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५७ | ६५ | ७० | |
| | | | प्रदेश | ५५.०० | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५. | फ्ल्यास रिपोर्ट |
| | | | | | | | पन्ध्रौं योजना |
| | | | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ७५ | ८० | ८२ | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | फ्ल्यास रिपोर्ट |
| | | | | | | | दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | | | स्थानीय | ०.६५ | ०.७९ | १ | |
| | | | प्रदेश | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | राष्ट्रिय | १.०२ | १. | १. | पन्ध्रौं योजना<br>वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९५.४७ | ९८.४७ | १०० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ५६.०३ | ६६.५ | ८० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २२.२४ | ३५ | ५० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४. | | | फ्ल्यास रिपोर्ट |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ३२.१४ | ३५.० | ५० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| | ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९५ | ९८ | ९९ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८. | | ९५. | पन्ध्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९६ | ९८ | ९९ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९६ | ९८ | ९९ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | पन्ध्रौं योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६७ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | दि.वि.ल. (रा.समीक्षा) |
| | | | ५. सुशासन तथा व्यवस्थापन | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ४४:०१ | ४२:०१ | ४०:०१ | IEMIS |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ४४:०१ | ४२:०१ | ४०:०१ | IEMIS |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३२:०१ | ३०:०१ | २८:०१ | IEMIS |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३७:०१ | ३४:०१ | ३२: ०१ | IEMIS |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्टपन्ध्रौँ योजना |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २२:०१ | २०:०१ | १८:०१ | IEMIS |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |

## परिच्छेद ३
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्येनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-१ मा दिइएको छ ।

**३.१.२ वर्तमान अवस्थाः**

यस गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ । यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन् । यस गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या ३२ रहेको छ भने संस्थागत तर्फ २ गरी जम्मा ३४ ओटा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार गाउँपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत १०० रहेको देखिन्छ ।

पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरण

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| पूर्व प्राथमिक | सामुदायिक | २३० | १६७ | ३९७ |
| | संस्थागत | ६९ | ६३ | १३२ |
| | जम्मा | २९९ | २३० | ५२९ |

**३.१.३** उदेश्यः

क) चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

ख) प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

**३.१.४** रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

ग) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

घ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ङ) लागत सहभागिता अभिवृद्धि गर्ने,

च) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

छ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ज) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

झ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ञ) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

ट) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

आ) नतिजा

क) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुनेछ,

ख) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुनेछ,

ग) सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछ,

घ) बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुनेछ,

ङ) भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुनेछ,

च) प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछ ।

**इ)** प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | १ | | २ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | | | | | | | |
| | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| | कृषि, स्वस्थ्य र महिला तथा बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | निरन्तर | | | | | | | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | वटा | २ | २ | २ | २ | २ | १० | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | | १ | | १ | | २ | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | प्रारम्भिक वालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धी गर्ने | संख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ | गाउँस भाक को निर्णय अनुसार | |
| २१ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | |
| २२ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | आवश्यकता अनुसार | | | | | | |

**३.२ आधारभतू शिक्षा**

३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो ।आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन २०७२ को धारा ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ शंशोधन सहित शिक्षा नियमावलि शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित २०५७ को व्यवस्था गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ ।सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर

भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ ।चालु १५औं पञ्चवर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिकाको वडा नं १ देखि ७ सम्म जम्मा ३१ ओटा सामुदायिक विद्यालयहरू रहेका छन् । ती विद्यालयहरूमध्ये कक्षा १-३ सञ्चालित १२ ओटा, कक्षा १-५ सञ्चालित ६ ओटा, १-८ सञ्चालित १ वटा गरी जम्मा १९ ओटा सामुदायिक आधारभूत विद्यालयहरू रहेका छन् ।

आधारभूत तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| जम्मा आधारभूत तहको विद्यार्थी (१-८) | सामुदायिक | ११५८ | ११०७ | २२६५ |
| | संस्थागत | ६९ | ४० | १०९ |
| | जम्मा | १२२७ | ११४७ | २३७४ |

सामुदायिक विद्यालयका आधारभूत तहमा दरबन्दीमा १३२, राहत ४६ र संघीय अनुदान १ गरी जम्मा १७९ शिक्षकहरू कार्यरत छन् । यस गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात १२.६५ विद्यार्थी पर्न गएको छ ।

### ३.२.३ उद्देश्य

क) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
ख) आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क) विद्यालय नक्साङ्कन गर्ने
ख) विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने
ग) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने
घ) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
ङ) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
च) न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
छ) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाउने
ज) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
झ) विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
ञ) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने
ट) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने
ठ) कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
ड) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
ढ) मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
ण) विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
त) कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
थ) शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

द) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल नगर्ने

ध) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिकपरामर्श उपलब्ध गराउने

न) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने

ऩ) विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

प) विद्यालय शिक्षालाई प्रकोप, संकटत था महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

फ) विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

ब) दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

भ) अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

म) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने

य) नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

र) विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

ऱ) शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

**३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

अ) उपलब्धि

क) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

आ) नतिजा

क) सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने

ख) सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने

ग) न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने

घ) आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने

ङ) बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने

च) विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने

छ) विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने

ज) बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने

झ) आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने

ञ) विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने

ट) सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने

ठ) जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

इ) प्रमुख क्रियाकलाप र लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | **जम्मा** | भौतिक लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | | आवश्यकता अनुसार | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | विद्यालय संख्या | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | % | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | आवश्यकता अनुसार | | | | | | | | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक क्षमता विकास | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २२ | | | २२ | | ४४ | | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना (रोष्टर शिक्षकबाट) | पटक | | | | | | | आवश्यकता अनुसार | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | | | | | | | निरन्तर | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | १५ | | | १५ | | ३० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विपन्नका लागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | | | | | | | आवश्यकता अनुसार | |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | | | | | | | निरन्तर | |
| १९ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना | पटक | | | | | | | निरन्तर कार्यान्वयन | |
| २० | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | विद्यालय | | ३१ | | ३१ | | ६२ | | |
| २२ | अतिरिक्त क्रियाकलाप संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | | | | | | | नतिजाका आधारमा | |

**३.३ माध्यमिक शिक्षा**

३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवातगरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्र सामुदायिक विद्यालयतर्फ कक्षा १ देखि १० सम्म सञ्चालित ६ ओटा र कक्षा १ देखि १२ सञ्चालित ६ ओटा विद्यालय गरी १२ ओटा माध्यमिक विद्यालय रहेका छन् । संस्थागत तर्फ कक्षा १ देखि १० कुनै पनि विद्यालय सञ्चालित छैनन् ।

माध्यमिक तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| कक्ष ९-१० | सामुदायिक | २९२ | ३६४ | ६५६ |
| | संस्थागत | - | - | - |
| | जम्मा | २९२ | ३६४ | ६५६ |
| कक्षा ११ र १२ | सामुदायिक | ११३ | १५९ | २७२ |
| | संस्थागत | - | - | - |
| | जम्मा | ११३ | १५९ | २७२ |
| कुल जम्मा | | ४०५ | ५२३ | ९२८ |

३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन गर्ने,

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

ग) नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,

ङ) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

च) वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,

छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

झ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

ञ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

ड) विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

ढ) विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,

ण) सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,

त) आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

आ) नतिजा

क) सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,

ख) सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,

ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,

ङ) माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

च) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,

छ) माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ज) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

झ) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,

ञ) माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।

इ) माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | | | | | | आवश्यकता अनुसार | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | | | | | | आवश्यकता अनुसार | सङ्घ, प्रदेश र स्थानीय तह |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा बिद्यार्थी  मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | | २० | - | - | - | २० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | | १ | | १ | | २ | | स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | | | | | | १ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | २ | २ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | | | | | | | सङ्घ तथा स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा ९ र १२ | निरन्तर | | | | | | निरन्तर | सङ्घ तथा स्थानीय तह |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | | स्थानीय तह |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | निरन्तर | | | | | | | संघ |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | २ | ३ | १ | ७ | | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | | | | | | | नतिजा अनुसार | |

### ३.४ अनौपचारिक तथा आजिवन सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन । आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाईको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९-२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाईका लागि १० वर्षभित्र निरन्तर सिकाईमा संलग्न समाज एव सिकाई संस्कृतिको प्रवर्द्रधन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाईको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ। यसका लागि गाउँपालिकामा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए। यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ। साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसंग समेत जोडी महिलाको समुह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए। गाउँ-गाउँमा महिलाहरूको समुह बनाइ आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूँजी वितरण गरियो। समुहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई वितरण गर्न र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहदै आयो। सामुदायिक सिकाई केन्द्रहरूले अनौपचारीक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनु पर्थ्यो त्यती प्रभावकारी हुन सकेन। तर पनि यस गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ९५ प्रतिशत भन्दा माथि पुगेको छ। गाउँपालिकामा २ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ। यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपयन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुदले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाईको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुनेसकेको देखिदैन। आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धी तथ्याङक अद्यावधिक हुन नसकिरहेको अवस्था छ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

क) अनौपचारिक तथा निरन्तर एवं जीवन प्रयन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,
ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
ग) आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु।

### ३.४.४ रणनीतिहरू

क) गाउँपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,
ख) सामुदायिक सिकाई केन्द्रलाई सदृढिकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,
ग) साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्र्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,
घ) नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायीक बनाउन

सहयोग गर्ने,

**ङ)** सामुदायिक सिकाई केन्द्रहरु मार्फत मत र अभिमत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड गर्ने,

च) सामूदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण गर्ने,

छ) सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,

ज) सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,

झ) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

ञ) सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,

ट) सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

अ) उपलब्धि

क) सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त हुनेछ।

आ) नतिजा

क) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने

ग) सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

घ) सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

च) अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने।

इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्या (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | सामुदायिक सिकाई केन्द्रहरूको क्षमता अभिबृद्धि | | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सामुदायिक सिकाई केन्द्रहरूको व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आजिवन सिकाइका कार्यक्रमहरू सामुदायिक सिकाई केन्द्र मार्फत संचालन | | आवश्यकताअनुसार | | | | | | | |
| ५ | सिप विकास र आयआर्जनमा कार्यक्रम संचालन | पटक | | १ | | १ | | २ | | |
| ६ | सामुदायिक सिकाई केन्द्र थप | वटा | आवश्यकताअनुसार | | | | | | संघीय सरकारमा माग | |
| ७ | तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेको ज्ञान सिपलाई प्रमाणिकरण | | | | | | | | | |
| ८ | अनौपचारिक तथा आजिवन सिकाइको तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन ।  देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो   । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् ।
मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

#### ४.१.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने

क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । सोही व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा २०८० सालमा हाम्रो ज्वालामूखी नामक स्थानीय पाठ्यक्रमको विकास गरिएको थियो । पाठ्यक्रमले शिक्षकलाई शिक्षण गर्न खाका प्रदान गर्छ । उक्त पाठ्यक्रम सबै विद्यार्थीहरूसँग पुगेको हुँदैन र शिक्षकलाई समेत शिक्षण क्रियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तक नहुँदा कठिनाइ हुन्छ । पाठ्यपुस्तक विद्यार्थी र शिक्षक दुवैका लागि महत्त्वपूर्ण र सजिलो सिकाइ सामग्री हो । त्यसैले यस गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन कार्य सुरु गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम समयानुकुल परिमार्जन तथा कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोके बमोजिम विद्यर्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्[illegible]को कार्यान्वयन गर्ने,
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,
ड) स्थानीय पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,
ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

आ) नतिजा

क) पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,

ख) पाठ्यक्रम परिमार्जनको लागि पृष्ठपोषण उपलब्ध हुने,

ग) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

घ) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने,

ङ) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,

च) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।

इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ३१ | | ३१ | | ३१ | ९३ | | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | | विद्यालय,सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रुपमा मातृभाषको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | | | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | | | १ | | २ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

**४.२.२ वर्तमान अवस्था**

ज्वालामूखी गाउँपालिकामा रहेका ३१ ओटा सामुदायिक विद्यालयहरूमा कूल २८४ शिक्षक कार्यरत हुनुहुन्छ। तहगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा ४७ प्राथमिक तहमा १४५ निम्न माध्यमिक तहमा ३४ र माध्यमिक तहमा ९-१० मा ४८ र माध्यमिक तह ११-१२ मा १० जना शिक्षक जनशक्ति राज्यवाट सुविधा प्राप्त गर्ने गरी कार्यरत छन्। केही विद्यालयहरूमा विद्यालयको स्रोतबाट तलब खाने गरी केही शिक्षकहरू कार्यरत रहेका छन्। गाउँपालिकाभित्र रहेका २ ओटा संस्थागत विद्यालयमा पूर्व प्राथमिक तह र प्राथमिक तहमा कार्यरत २० जना शिक्षक कार्यरत रहेका छन्।

गाउँपालिकाभित्रका विद्यालयमा शिक्षकको अनुपातिक वितरणमा समानता छैन। प्राय धैरै जसो प्राथमिक तह सञ्चालित विद्यालयहरूमा कक्षाअनुसार शिक्षक पुगेको देखिदैन। गाउँपालिकाभित्रका आधारभूत तह (कक्षा ६-८) सञ्चालित १३ विद्यालयहरू मध्ये १२ ओटा र माध्यमिक तह सञ्चालित १२ ओटा विद्यालयहरूमध्ये ७ ओटामा विषयगत शिक्षक अपर्याप्त छन्।

४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

४.२.४ रणनीतिहरू

क) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने।
ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने।

ग) शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

घ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

ङ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

च) शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

छ) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

ज) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्पmत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

झ) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

ञ) कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

**४.२.५** उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

आ) नतिजा

क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

ख) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

ग) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

घ) पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,

ङ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

च) शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

छ) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

ज) शिक्षकको आपूर्ति नियमित रूपमा हुने,

झ) शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

**इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | | | | | | | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | | १ | २ | २ | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | | | | | | | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | | | | | | | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | | | | | | | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | | | | | | | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | | १ | | १ | ३ | ३ | |
| १० | विज्ञान प्रयोशाला | पटक | | १ | | १ | १ | ३ | ३ | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | | | | | १ | १ | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | | | | | | | निरन्तर | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | | | | | | | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | | | | | | | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | | | | | | | निरन्तर | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | | | | | | | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | | | | | | | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | | | | | | | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | - | १ | - | १ | ३ | ३ | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | - | १ | - | १ | - | २ | २ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | | | | | | | निरन्तर | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | | | | | | | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | १ | | | | | | | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | | | | | | निरन्तर | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो ।  यस गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राम्हण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद विद्यमान छ । बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका,  शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था  गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अथपूर्ण सहभागितामा कार्य गर्दै सिकाई सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन । यस्ता चुनौतिहरु हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैका सहज पहुँच सहभागिता तथा सिकाईका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम संचालन गर्न आजको आवश्यकता हो ।

### ४.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा विद्यालयमा आधारित ३२ ओटा बाल विकास केन्द्रहरू संचालनमा रहेका छन । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरुमा शारिरीक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच बृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या अद्यावधिक नभएकाले कम देखिन गएको छ । ती बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, सडक बालबालिकाहरु, असाध्य रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहाराबिहीन बालबालिकाहरु रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छन । त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत

गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षा पढाईलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

**४.३.३ उद्देश्य**

क) लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,

ख) लक्षित समूहका बालबालिकाहरुको सिकाई सहभागितामा बृद्धि तथा सिकाई उपलब्धी सुधार गर्नु,

ग) समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

**४.३.४ रणनीतिहरू**

क) विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

ख) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने,

ग) विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

घ) प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने,

ङ) सबै तह र प्रकारका विद्यालयहरुमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने,

च) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गर्ने,

छ) साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,

ज) समावेशी तथा समतामुलक पहुँच सुनिश्श्रितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने,

झ) विद्यार्थीहरुलाई खासंगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्युन गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिनेछ र विभद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइने ।

**४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**अ) उपलब्धि**

क) समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**आ) नतिजा**

क) अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूआदिको अभिलेख अद्यावधिक हुने ।

ख) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चितहुने ।

ग) लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।

घ) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

**इ)** प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ४ | सबै प्रकारका विभेदको अन्त्यकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | १ | | २ | | |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | | |
| ६ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापन सम्बन्धी मापदणंड २०८० कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाईसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाई सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ बराबरको खाजा खुवाउदै आएकोमा आ.व.२०८२/०८३ बाट प्रति विद्यार्थी प्रति दिन रू. २० बराबरको खाजा खुवाउन थालिएको छ। सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ।

#### ४.४.२ बर्तमान अवस्था

गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन। कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रुपमा वितरण गरिएको छ। हाल गाउँपालिका अन्तरगतका ३१ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ। जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धैरै

लाभान्वित भएका छन् ।

**४.४.३ उद्देश्यहरु**

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु ।

**४.४.४ रणनीतिहरू**

क) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

ख) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग–अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

घ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

ङ) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

**४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

अ) उपलब्धि

क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

आ) नतिजाहरू

क) विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

ख) दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

ग) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

घ) सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

ङ) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग–अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि

तथा शुक्ष्मपोषक तत्व प्रदायक किशारीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

छ) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफयत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालयहरूमा सेनेटरी प्याड लगायत सफाईका सामग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विद्यालयमा सरसफाईको लागि साबुन, पानी लगायतका सामाग्रीहरूको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | | | | | | | आवश्यकता अनुसार | |
| ८ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.५ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट

बञ्चित नहुन भन्ने उद्देश्यका साथ र बालकालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाईलाई निरन्तरता दिनको लागि बैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ। यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र संचालन गर्ने रहेको छ। यस अवधारणा अन्तगत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएका हुनेछ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ। समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ। यस महत्वलाई मध्यनजर गर्दै गाउँपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा बर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धीहरु समावेश गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाका सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ। बृहत विद्यालय न्युनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाई पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्युनिकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ। यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत विद्यालय शिक्षालाई कायम राखि राख्नु पर्ने करालाई जाड दिएका छन।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्तो विपदले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन। पाल्पा जिल्ला समेत यो समस्याबाट अछुतो रहन सकेको छैन। विकट भौगोलिक अवस्था भएको गाउँपालिकाका विद्यालयहरु पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन। हालको Covid-19 का विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागु गर्ने तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाई सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन। तरपनि विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ। तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो। यसका साथ स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता मिलाउन योजना अल्पकालिन बनाउने कि दिर्घकालिन बनाउने भन्ने जस्ता चुनौतिहरु भने रही रहेका छन। यस्ता चुनौतिहरुलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नु पर्दछ।

**४.५.३ उद्धेश्यहरु**

क) संकटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्व

ख) सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्युनीकरण गर्नु ।

ग) विपद् प्रतिकार्य योजना बनाई लागु गर्नु ।

घ) विपद्‌तथा संकटपुर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु ।

**४.५.४ रणनीति**

क) प्रकोप, विपद, महामारीको पूर्व अनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गर्ने ।

ख) स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा बैकल्पिक सिकाई पाठ योजना तयार पार्ने ।

ग) स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गर्ने ।

घ) विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिने ।

ङ) स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति बनाउने जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गर्ने ।

च) विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

छ) महामारीका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।

ज) विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने,

ट) विद्यालयहरू आपतकालिन अवस्था, संकट र महामारीको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तर कायम गर्ने,

ठ) Covid-19 जस्ता संकटले विद्यालय शिक्षामा पार्ने छोटो र लामो अवधीका प्रवाभ पहिचान गरी तिनको सम्बोधन गर्ने,

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र अभ्यास (ड्रिल) कार्यक्रम विद्यालयको वार्षिक कार्ययोजनामा समावेश गर्ने,

ढ) विपत तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान र व्यवहारिक तालिम शिक्षक र विद्यार्थीहरूलाई प्रदान गर्ने ।

४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धी

क) आपतकालिन तथा संकटका समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले बैकल्पिक माध्यमबाट भएपनि सिकाईलाई निरन्तरता दिनेछन् ।

आ) नतिजा

क) विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुनेछ ।

ख) प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुनेछ ।

ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आपतकालिक संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थनीय सरकारको कार्यविधि विकास | पटक | १ | | | | | | | |
| २ | निर्देशनको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | | | | | | | | आवश्य कता अनुसार | |
| ३ | स्रोत शिक्षक तथा प्र.अ.लाई तालिम | पटक | १ | | | १ | | २ | २ | |
| ४ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | | १ | | | १ | २ | २ | |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

**४.६.२ वर्तमान अवस्था**

यस पालिकामा कूल विद्यालय सामुदायिक विद्यालय तर्फ औषत भवन संख्या माध्यमिकमा ५ आधारभुत (कक्षा १ देखि ८) मा ३ र आधारभुत (कक्षा १ देखि ५) मा २ भवन रहेका छन्। सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन्। सबै विद्यालयमा आफ्नै खानेपानीको श्रोत रहेको छ भने सबैमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ। पालिका भरमा १२ वटा विद्यालयमा पुस्तकालय, १२ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १२ विद्यालयमा कम्प्युटर प्रयोगशाला र सबै विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा सबै विद्यालयमा स्टाफ कोठा, १२ विद्यालयमा स्टोर कोठा, साथै ५ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन। अधिकांस विद्यालयमो घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन। विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भारको लागि केन्द्रबाट नियमित रुपमा सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भईरहेको तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छनः

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भुमिका नहुनु।

२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.३ उद्देश्य

क) सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

ख) पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउनु।

### ४.६.४ रणनीतिहरू

क) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,

ख) विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,

ग) विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाका घर लगायत सबैको योजना समावेश गरी डिजायन गर्ने,

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,

ङ) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,

च) पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गर्ने,

छ) आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,

ज) विद्यालयको भवन तथा भौतिक पुर्वाधारलाई विपत जोखपम मुक्त, सुरक्षित र हरित बनाइने,

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

अ) उपलब्धि

क) सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

आ) नतिजा

क) माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु

ख) योजना तयार हुने।

ग) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

घ) पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।

ङ) पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

च) पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।

छ) विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।

ज) सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।

ड) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | पटक | १ | | | | | १ | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउन्ड आदि) | सङ्ख्या | | १ | १ | | १ | ३ | |
| ३ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मुल्यांकन | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउनेउल्लेख गरेकव छ । त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

**४.७.२ वर्तमान अवस्था**

हाल ज्वालामूखी गाउँपालिकारहेका ३१ वटै सामुदायिक विद्यालयहरूमा सुचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भैराखेको छ। करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ । इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई वर्षेनि अनुदान रकम उपलब्ध गराउने गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ। संस्थागत विद्यालयहरूले पनि आफ्नै स्रोत साधनबाट कम्प्युटर ल्याब स्थापना गरी विद्यार्थीहरूका लागि प्रयोग गराउँदै आएको अवस्था छ। कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ राखिएको छ भने केही विद्यालमा ऐच्छिक विषयका रूपमा छुट्टै कम्प्युटर विषय पठनपाठन गराउने गरेका छन्।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण र विकास गरेका डिजिटल सामग्रीको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीले आफ्नो पहुँच र प्रभावकरिता वृद्धि गर्दै लगेको पाइन्छ। विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ। जुमबाट तालिम र गोष्ठी सञ्चालन हुने गरेका छन्। प्रत्यक वर्ष गाउँपालिकाले सामुदायिक विद्यालयका प्रति विद्यालय १ जना शिक्षकलाई ५ दिने आधारभूत आइसिटी सम्बन्धी तालिम सञ्चालन गरेर शिक्षकहरूलाई सूचना प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बन्न सहयोग गरेको थियो।

कोभिड १९ को समयमा विद्यालय लामो समय बन्द रहँदा अनलाइन कक्षाको महत्त्व बढेर गएको हो। सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाइ गतिविधिमा समेत यसको महत्त्व र प्रभावकारिता बढ्दै गएको छ। ज्वालामूखी गाउँपालिकाका केही विद्यालयहरूका कक्षा कोठामा इन्टरएक्टिभ प्यानल बोर्ड समेतले प्रवेश पाएको अवस्था छ। विद्यार्थीहरू विद्यालयहरूका आइसिटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने स्थापना भएका छन्। सिसी क्यामेराको प्रयोग बढनु, लेखा क्षेत्रमा सफटवेयर निर्माण र प्रयोग हुनु सकारात्मक कुरा हुन्। यस गाउँपालिकाभित्रका विद्यालयका कक्षा कोठामा शिक्षण सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियो जस्ता सामग्रीको प्रयोग बढ्दै गएको छ। हालको अवस्थाले बिहानीको सङ्केत त अवश्य दिन्छ यसमा समयानुकूल थप विस्तार विकास गर्न प्राथमिकता दिनुपर्दछ। कक्षा कोठालाई रुचिकर साथै सूचना तथा प्रविधिमा आधारित बनाई सिकाइमा प्रभावकरिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ।

### ४.७.३ उद्देश्य

क) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,

ख) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु,

ग) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

ख) सबै शिक्षकहरूको क्षमता विकास गर्ने,

ग) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,

घ) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

ङ) शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,

च) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा Digital Learning Center स्थापना गर्ने ।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ  सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने ।

**आ) नतिजा**

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

ख) विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

ग) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

घ) सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

ङ) सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,

च) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

छ) सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

ज) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

**इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १ | १ | १ | १ | १ | ५ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ओटा | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | | १ | | | १ | | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | ओटा | ३१ | | | | | ३१ | | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | **आवश्यकता अनुसार** |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका आधारमा) | ओटा | १ | १ | १ | १ | १ | ५ | | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | ओटा | | | १२ | १२ | १३ | १४ | | |

## परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँपालिका कार्यपालिका, गाउँपालिकासभा, गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
ख) संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
ग) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
घ) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
च) कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने।

**५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

अ) उपलब्धि

**क)** शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

आ) नतिजा

क) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

ख) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

ग) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

घ) सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | सबै | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

#### ५.२.२ वर्तमान अवस्थाः

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

#### ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

#### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

अ) उपलब्धि

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

आ) नतिजा

क) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | | | | | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | | | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | | | | | | | | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | | | | | | | | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | | | | | | | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | | | | | | | | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ । प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरीरक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

गाउँपालिका शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

५.३.३ **उद्देश्य**

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

५.३.४ **रणनीतिहरू**

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।

**ङ)** विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

**च)** कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

५.३.५ **उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

क) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ ।

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

**प्रमुख नतिजा**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।

३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

## परिच्छेद ६
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ।

### ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन्।

पञ्चवर्षीय गाउँपालिका शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | | | |
| २ | प्रदेश सरकार | | | |
| ३ | स्थानीय सरकार | | | |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |
| | जम्मा | | | |

**६.३ उद्देश्य**

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

**६.४ रणनीतिहरू**

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

**६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण**

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ०००० मा) | | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १०३८ | १०३८ | १०३८ | १०३८ | १०३८ | ५१९३ | ३६६२ | | १५२७ | |
| २ | ३.२ आधारभतू शिक्षा | १०३१० | ११३४१ | १२४७५ | १३७२६ | १५०९४ | ६२९४६ | ६२९४६ | | | |
| ३ | ३.३ माध्यमिक शिक्षा | २८१० | ३०९१ | ३४०० | ३७४० | ४११४ | १७१५५ | १७१५५ | | | |
| ४ | ३.४ उच्च शिक्षा | ६५० | ७१५ | ७८६।५ | ८६५।१५ | ९५१ | ३९६७।६५ | ३९६७।६५ | | | |
| ५ | ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा | | | | | | | | | | |
| ६ | ३.६ पाठ्यक्रम र पाठ्यसामग्री | १८० | १९८ | २१७।८ | २३९।५८ | २६३।५ | १०९८।८८ | १०००। | | ९८।८८ | |
| ७ | ३.७ शिक्षक व्यवस्थापन र विकास | १०० | ११० | १२० | १३० | १४० | ६०० | ५५० | | ५० | |
| ८ | ३.८ विद्यालय व्यवस्थापन | ३२६।५ | ३५९।१५ | ३९५।०६ | ४३४।५७ | ४७८ | १९९३।२८ | १९०० | | ९३।२८ | |
| ९ | ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | ११० | १२१ | १३३ | १४६।४ | १६१ | ६७१।४ | ६०० | | ७१।४ | |
| १० | ३.१० गुणस्तरीय सार्बजनिक शिक्षा | १० | ११ | १२ | १३ | १४ | ६० | | | ६० | |
| ११ | ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि | १० | ११ | १२ | १३ | १४ | ६० | | | ६० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परेका वर्गको पहुँच/समावेशी शिक्षा | | | | | | | | | | |
| १२ | **३.१२ शिक्षामा सूचना प्रविधि** | ५० | ५५ | ६० | ६५ | ७० | ३०० | १०० | | २०० | |
| १३ | **३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | ५ | ६ | ७ | ८ | ९ | ३५ | ३५ | | | |
| १३ | **संस्थागत संरचना र क्षमता विकास** | १ | २ | ३ | ४ | ५ | १५ | | | १५ | |
| १४ | **योजना कार्यान्वयन अनुगमन तथा मूल्यङ्कन समन्वय र सहजीकरण** | १ | २ | ३ | ४ | ५ | १५ | | | १५ | |

## परिच्छेद ७
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरीक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ। सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । कोटहीमाई गाउँपालिकाको गाउँपालिका शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन |
| २ | गाउँपालिका शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | ुख तथा पदाधिकारी | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | शिक्षा अधिकृत | | | मासिक | फाराम, प्रतिवेदन |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँपालिका शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

**७.३ उद्देश्य**

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,
ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

**७.४ रणनीतिहरू**

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,
ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,
घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,
ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,
च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,
ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,
झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,
ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

### ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

ख) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने,

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

**आ) नतिजा**

क) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,

ख) अनुगमनका आधारमा नतिजा सुधार हुने,

ग) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,

घ) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,

ङ) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,

च) सिकाईहरुको दस्तावेज तयार हुने ।

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

## अनुसूचीहरु